## नेपाल सरकार
# शिक्षा तथा खेलकुद मन्त्रालय

प्रारम्भिक बालशिक्षा तथा विद्यालय पोषण शाखा

पत्र संख्याः- ०८२/०८३
चलानी नं.:- ०५

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति : २०८३।०२।२६
नेपाल सम्बत् ११४६

विषय : विश्व योग दिवस २०२६ मनाउने सम्बन्धमा।

श्री योग सम्बद्ध सबै संघ-संस्थाहरु।

हरेक वर्ष जुन २१ तारिखका दिन विश्व योग दिवस मनाइँदै आइरहेको बेहोरा विदितै छ। यस वर्षको १२औ विश्व योग दिवस २०२६ मनाउने सन्दर्भमा शिक्षा सचिवज्यूको अध्यक्षतामा बसेको विश्व योग दिवस २०२६, मूल समारोह तयारी समितिको बैठकबाट विश्व योग दिवस २०२६ का लागि निर्धारित आदर्श वाक्य **"Yoga for Healthy Ageing (स्वस्थ वृद्धावस्थाका लागि योग)"** भन्ने आदर्श वाक्यका साथ योगसँग सम्वन्धित संस्थाहरूले "विश्व योग दिवस २०२६ का अवसरमा चलचित्र प्रदर्शनी, पुस्तक विमोचन, रक्तदान, सार्वजनिक परिसम्वाद, प्रभातफेरी, दिप प्रज्वलन, र्‍याली, झाँकी, सामुहिक योग अभ्यास, योग प्रदर्शन, वक्तृत्वकला, वादविवाद प्रतियोगिता, चित्रकला जस्ता विवध प्रचारका रचनात्मक, प्रवर्द्धनात्मक र प्रचारात्मक कार्यक्रमसहित मनाउन योग सम्बन्ध विभिन्न संघ-संस्थाहरूलाई अनुरोध गर्ने र यसरी मनाउने कार्यक्रमको जानकारी २०८३ असार १ गते कार्यालय समयभित्र मन्त्रालयमा उपलब्ध गराउन र कार्यक्रम सम्पन्न भएपश्चात सहभागि सङ्ख्या,मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सहितको प्रतिवेदन मन्त्रालयमा उपलब्ध गराउन अनुरोध गर्ने" भनि मिति २०८३/०२/२१ गतेको मुल समारोह तयारी समितिको निर्णयानुसार सम्बन्धित सबैमा अनुरोध छ।

पुनश्च: मन्त्रालयको सम्बन्धित शाखाको इमेल ठेगाना: child.nutritions@moest.gov.np

२०८३

.......................
शिवप्रसाद घिमिरे
उपसचिव

फोन नं.:
वेबसाइट : www.moest.gov.np